

के हो भौतिकवाद ? किन बन्ने भौतिकवादी ? (२)

✍ वैद्यनाथ श्रमजीवी


**सिटी डेन्टल**

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।**

दमक-६, झापा
**फाल्गुनन्द चौक**
फोन: ०२३-५७५४०९



जि.प्र.का.झापा द.नं.६९। ०५७।०५८ सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता राष्ट्रिय दैनिक

# पूर्वसन्देश

PURBA SANDESH NATIONAL DAILY

purbasandesh.com



ठूलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त

**झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**

दमक :
**देवीप्रसाद सिटौला**
(९८४२७६०२६५/९८२४९७९१८५)

बिर्तामोड:
**राजकुमार श्रेष्ठ**
९८०६०१०४१०



❑ वर्ष-२१ ❑ अंक - १८२ ❑ २०८३ असार २७ गते शनिबार ❑ Saturday, 11 July, 2026 ❑ मूल्य ७ /-


### दमकको हंसे दुम्से दुग्ध डेरी आर्थिक संकटमा

# किसानका बचत र दुधको रकम अलपत्र

✍ खगेन्द्र कार्की



**दमक/**दमक-३ स्थित हंसे दुम्से दुग्ध डेरी प्रालि पशु उत्पादन तथा संकलन सहकारी संस्थाले दूध बिक्री गरेका किसानको २२ लाख बढी रूपैयाँ भुक्तानी नगरी कार्यालय बन्द गरेर सञ्चालक फरार भएपछि किसानको विचल्ली भएको छ । पीडित किसानहरूले इलाका प्रशासन कार्यालय दमकलाई पूर्वसूचना दिएर डेरी कार्यालय परिसरमा शान्तिपूर्ण धर्ना तथा तालाबन्दी कार्यक्रमसमेत गरेका छन् । प्रशासनले पनि इलाका प्रहरी कार्यालय दमकलाई शान्ति सुरक्षा व्यवस्थापन गर्न पत्राचार गरेको छ । किसानहरूले आˆनो आन्दोलन पूर्ण रूपमा शान्तिपूर्ण हुने र एकमात्र उद्देश्य आˆनो पसिनाको कमाइ फिर्ता पाउनु रहेको बताएका छन् ।

सञ्चालकहरू फरार भएपछि किसानहरूले अख्तियार दुरूपयोग अनुसन्धान आयोगको क्षेत्रीय कार्यालय, इटहरीमा औपचारिक उजुरी दर्ता गरिसकेका छन् । उजुरीमा डेरीका वर्तमान अध्यक्ष हिमालय दाहाल, दमक-३, पूर्वअध्यक्ष गेहनाथ पोखरेल दमक-३, पुष्प ढकाल दमक-३, शान्तिराम भट्टराईलगायत जिम्मेवार व्यक्तिमाथि छानबिन गरी कानुनी कारबाही गर्न माग गरिएको छ ।

उनीहरूले संस्थाको बैंक खाता र सम्बन्धित व्यक्तिका व्यक्तिगत बैंक खातासमेत रोक्का गरी किसानको डुबेको रकम असुल गराइदिन माग गरेका छन् ।

उजुरीको विवरण अनुसार शान्तिराम भट्टराई, राजकुमार अधिकारी र कुलचन्द्र गौतमको खातामा संस्थाको मौजदात रकमलाई समेत रकमान्तर गरिएको भनिएको छ ।

दमक-३ का स्थानीय राजकुमार खड्गाका अनुसार हम्से दुम्से दुग्ध डेरीले लामो समयदेखि दूध संकलन गर्दै आएको थियो । प्रत्येक महिनाको दूधको भुक्तानी अर्को महिनाको १० गतेसम्म दिने व्यवस्था भए पनि पछिल्ला पाँच महिनादेखि डेरीले किसानलाई रकम भुक्तानी नगरेको उनको भनाइ छ । सुरूमा 'बैंकमा समस्या छ', 'केही दिन पर्खिनुस्' भन्दै आश्वासन दिए पनि पछि डेरी नै बन्द गरेर अध्यक्ष र सञ्चालकहरू नै फरार भएपछि आफूहरू ठगिएको किसानहरूको गुनासो छ ।

पीडित किसानले इलाका प्रशासनमा दिएको उजुरीअनुसार डेरीका सञ्चालकहरूले कार्यालय बन्द गरी सम्पर्कविहीन भएका छन् । डेरीको नाममा रहेको सवारीसाधन बिक्री गरेर रकम हिनामिना बाँकी ४ पेजमा ▸▸

## झापामा यस वर्ष पनि चौपायामा लम्पी स्कीन



**झापा/** गतवर्ष पन्ध्र हजारभन्दा बढी संक्रमित भएर करिव पाँच सय चौपाया मरेको झापामा यस वर्ष पनि लम्पी स्कीन देखापरेको छ । भद्रपुर , कन्काई , अर्जुनधारा , मेचीनगर, कचनकवल, दमक लगायतका पालिकाहरुमा फाट्टफुट्ट लम्पी स्कीन देखापरेको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र भद्रपुरकी प्रमुख शितल भट्टराईले बताइन् ।

उनले चौपायाहरुमा लम्पी स्कीनको संक्रमण देखिएपनि मृत्यु भइनसकेको जानकारी दिइन् । गत वर्ष खोप कार्यक्रम संचालन गरिएका पालिकाहरुमा त्यति धेरै संक्रमण नदेखिएको उनको भनाई छ । विगत तीन वर्षदेखि झापामा लम्पी स्कीनले महामारीकै रुप लिँदै आएको छ ।

# सरकारी खाता बन्द, एकै दिन ३३ अर्ब १६ करोड भुक्तानी

**दमक/**चालु आर्थिक वर्षका लागि सबै सरकारी खाता बन्द भएका छन् । शुक्रबारदेखि सात दिनसम्मका लागि खाताहरू बन्द गरिएका हुन् । आर्थिक वर्ष २०८२/८३ को बजेट भुक्तानीको अन्तिम दिन हिजो सरकारले ३३ अर्बको भुक्तानी दिएको छ । असार २५ गते कुल ३३ अर्ब १६ करोड ५४ लाख रूपैयाँ भुक्तानी भएको महालेखा नियन्त्रकको कार्यालयले जनाएको छ ।

योसँगै चालू बजेट खर्च अन्तर्गत १२ अर्ब ४२ करोड ५ लाख, पुँजीगत खर्च अन्तर्गत १८ अर्ब ३९ करोड ७ लाख र वित्तीय व्यवस्था अन्तर्गत २ अर्ब ३५ करोड ४२ लाख रूपैयाँ खर्च भएको कार्यालयले जनाएको छ । योसँगै सरकारको कुल बजेट खर्च ७९.६९ प्रतिशत अर्थात १५ खर्ब ६५ अर्ब मात्र पुगेको छ । चालुतर्फ ८८.३ प्रतिशत बजेट खर्च हुँदा पूजिगत खर्च ४४.५१ प्रतिशतमै सीमित भएको छ ।

चालु आर्थिक वर्षका लागि सरकारले १९ खर्बको बजेट ल्याएको थियो । सरकारले १३ खर्ब २५ अर्ब राजश्व उठाउने लक्ष्य लिए पनि ८०.२ प्रतिशत अर्थात १० खर्ब ६३ अर्ब मात्र उठाउन सकेको छ । पाँच खर्ब ३४ अर्ब विदेशी अनुदान उठाउने लक्ष्य लिएकोमा २ खर्ब ८८ अर्ब रूपैयाँ मात्र उठेको छ । आजदेखि असार ३२ गतेसम्म अत्यावश्यक बाहेकको सबै भुक्तानी बन्द भएको छ ।

# कलाकारले गरे सरकारको आलोचना

**दमक/** मुगुका गणेश नेपालीको आत्मदाहको विषयलाई लिएर कलाकारहरू बालेन्द्र शाह नेतृत्वको सरकारको विरोधमा देखिएका छन् । स्मरण रहोस्, कलाकारहरूबाट सबैभन्दा बढी समर्थनमा पाएको सरकार यही हो । 'गरिबको छोरो' गुजारा टार्न घरबाट निस्किँदा बाटैमा जल्नुपर्ने अवस्था आएपछि भने कलाकारहरू बालेन्द्र सकारको विपक्षीमा नबोली बस्न सकेनन् ।

आर्थिक समस्यामा रहेका गणेश सडक अनुसाशनका लागि तिराइने जरिवानाको भारले आत्मदाह गर्ने निर्णयमा पुगेको परिवार पक्षको दाबी छ । सडककमा आत्मदाह गरेका गणेशको निधन भइसकेको छ । त्यसपछि नायिका रेखा थापाले लेखेकी छन्, 'जुन सरकार आए पनि सबैभन्दा पहिला गरिबलाई नै मार्ने भयो ।'

नायिका पूजा शर्माले गणेशको आत्मदाहलाई राज्यले बाँकी ४ पेजमा ▸▸

## राम थापा आवास पुनर्निर्माण नागरिक सहयोग समिति

### दमक, झापा

**श्रदेय दमक नगरवासी तथा देश विदेशमा रहनु भएका सम्पूर्ण सहयोगी महानुभावहरुमा सादर अनुरोध !**

वाल्यकाल देखि दमकलाई आफ्नो कर्मभूमी बनाई अनवरत रुपले दमकबासीहरुको सेवामा समर्पित हुँदै आउनु भएका दमककै दुख-सुखका सहयात्री सुपरिचित समाजसेवी व्यक्तित्व, दमक नगर प्रमुख श्री राम कुमार थापाज्यूको २०८२ भाद्र २४ गते जेनजी आन्दोलनका क्रममा भएको आगजनीबाट आवास पूर्ण रुपमा नष्ट भएपछि आवास पुनरनिर्माणका लागि "राम थापा आवास पुर्निर्माण नागरिक सहयोग समिति गठन गरी सिद्धार्थ विकास बैंक, दमक शाखामा खाता नं ५५५१०१५३८७४ मार्फत् स्वेच्छाले सहयोग प्रदान गर्ने महानुभावज्यूहरुसंग सहयोग रकम संकलन आव्हान गरिएको थियो । हाल श्री तारा प्रसाद अधिकारी अध्यक्ष, सचिव श्री राजु खड्का, कोषाध्यक्ष श्री अम्बर बहादुर कुमाल, सदस्यहरु श्री राजकुमार योङ्गया, श्री योगराज दगाल, श्री सुरेन्द्र नेम्वाङ्ग र सल्लाहकार श्री वासुदेव भट्टराई रहनु भएको सो समितिको यस अभियानमा देश तथा विदेशवाट आर्थिक, नैतिक र मानवीय सहयोग प्रदान गर्नु हुने सम्पूर्ण सहयोगी महानुभावहरु प्रति समिति हार्दिक कृतज्ञता व्यक्त गर्दै स्वेच्छिक सहयोगका लागि अपिल समेत गर्दछौं ।

पारदर्शिता, जवाफदेहिता तथा सार्वजनिक जानकारीका लागि समिति गठन भएदेखि २०८३ आषाढ २५ गतेसम्म प्राप्त सहयोग रकमको विवरण यसैसाथ सार्वजनिक गरिएको व्यहोरा सबैमा सादर जानकारी गराउँदछौं ।

**प्राप्त रकम :**

| क्र.स. | नाम थर | वतन | जम्मा रकम | क्र.स. | नाम थर | वतन | जम्मा रकम |
|---|---|---|---|---|---|---|---|
| १ | श्री टिका थापा | दमक-३ | २,००,०००/- | ३१ | श्री सिकन्दर मल्लिक डोम परिवार | दमक-७ | २५,०००/- |
| २ | श्री दमक नगर इसाई समाज | दमक | १,३२,५००/- | ३२ | श्री सिपिनी टोल विकास संस्था | दमक-६ | २१,२००/- |
| ३ | श्री अम्बर बहादुर कुमाल | दमक-१ | १,००,०००/- | ३३ | श्री मखमली टोल विकास संस्था | दमक-८ | २१,०००/- |
| ४ | श्री गोपाल प्याकुरेल | अमरिका | १,००,०००/- | ३४ | श्री खगेन्द्र बहादुर भट्टराई | दमक-१० | २१,०००/- |
| ५ | श्री मोहन कुमार थापा | दमक-१ | १,००,०००/- | ३५ | श्री चन्द्र प्रसाद दंगाल | दमक-२ | २१,०००/- |
| ६ | श्री मोहम्मद फियाज | दमक | १,००,०००/- | ३६ | श्री डिल्ली भट्टराई | दमक-५ | २०,०००/- |
| ७ | श्री निसान कुमार मगर | दमक-३ | १,००,०००/- | ३७ | श्री कोइरी समाज शब्जिवाला | दमक-६ | २०,०००/- |
| ८ | श्री राजु खड्का | दमक-५ | ९१,०००/- | ३८ | श्री नगेन्द्र ढुंगेल | दमक-१ | २०,०००/- |
| ९ | श्री न.पा. स्वास्थ्य शाखा परिवार | दमक | ५५,०००/- | ३९ | श्री हिमशिखर टोल विकास संस्था | दमक-६ | १५,२००/- |
| १० | श्री पृथ्वी माध्यमिक विद्यालय | दमक-७ | ५१,०००/- | ४० | श्री राजिव पुर्वे | दमक-६ | १५,०००/- |
| ११ | श्री बासुदेव भट्टराई | दमक-५ | ५१,१२५ /- | ४१ | श्री रामचन्द्र साह | दमक-६ | १५,०००/- |
| १२ | श्री IBFT 1525621 | दमक | ५१,०००/- | ४२ | श्री निर्मला/हेमराज खतिवडा | दमक-६ | १५,०००/- |
| १३ | श्री अर्जुन तुम्रुक | उर्लाबारी-३ | ५१,०००/- | ४३ | श्री जानुकादेवी/श्रीप्रसाद राई | दमक-६ | १२,०७५ /- |
| १४ | श्री सिजिजन जेम्सफायर ई. स्कुल | दमक-१ | ५१,०००/- | ४४ | श्री खड्ग प्रसाद खरेल | तहतगपुर-५ | १०,०००/- |
| १५ | श्री कृष्ण कुमार भण्डारी | दमक-१ | ५०,०००/- | ४५ | श्री दिनानाथ भट्टराई | काठमांण्डौं | १०,०००/- |
| १६ | श्री सूर्यमान थापा | दमक-३ | ५०,०००/- | ४६ | श्री विमल कुमार सुतार कार्की | दमक-६ | १०,०००/- |
| १७ | श्री बालानन्द काफ्ले | दमक-६ | ५०,०००/- | ४७ | श्री तिलक डाँगी | दमक-१ | १०,०००/- |
| १८ | श्री डम्बर केशर भुजेल | दमक-१ | ५०,०००/- | ४८ | श्री तिलमाया श्रेष्ठ | दमक-१ | १०,०००/- |
| १९ | श्री भिमप्रसाद पौडेल | दमक-७ | ५०,०००/- | ४९ | श्री सुवास तामाङ | दमक-६ | १०,०००/- |
| २० | श्री राधाकृष्ण ढुंगाना | दमक-६ | ५०,०००/- | ५० | श्री त्रिवेणी टोल विकास संस्था | दमक-६ | १०,०००/- |
| २१ | श्री प्रकाश शर्मा | भदपुर | ५०,०००/- | ५१ | IBFT 1640336 | | १०,०००/- |
| २२ | श्री उर्मिला तिम्सिना | दमक-५ | ५०,०००/- | ५२ | श्री पुनिमाया बेघा | दमक-५ | १०,०००/- |
| २३ | श्री अर्जुन राई (पुरानो काठपात बिक्री | दमक-३ | ५०,०००/- | ५३ | श्री सन्तोष शर्मा | दमक-६ | १०,०००/- |
| २४ | श्री शुभारम्भ टोल विकास संस्था | दमक-४ | ४५,५००/- | ५४ | श्री हेमकुमार भट्टराई | दमक-५ | ६,०००/- |
| २५ | श्री ओमनाथ बानियाँ | दमक-६ | ४५,०००/- | ५५ | श्री नहकुल थापा | दमक-१ | ५,५०० /- |
| २६ | श्री भारतीय भूपू सैनिक संगठन | दमक | ४०,०००/- | ५६ | श्री प्रेम भण्डारी | दमक-३ | ५,०००/- |
| २७ | श्री टिकाराम मगर/टंक प्र. | दमक-६ | ३५,०००/- | ५७ | श्री घनेन्द्र पाठक | दमक-५ | ५,००० /- |
| २८ | श्री वंशिधर न्यौपाने | उमयपुर | ३५,५५५ /- | ५८ | श्री मोहन बेघा | दमक-५ | ५,००० /- |
| २९ | श्री इन्द्रा/नरप्रसाद राई | दमक-६ | २५,०२५ /- | ५९ | श्री निर्मला रेग्मी | दमक | ३,००० /- |
| ३० | श्री श्री पदमप्रसाद घिमिरे | दमक-१ | २५,०००/- | ६० | श्री नविन ढकाल | दमक-४ | २,००० /- |

**जम्मा रू. २२,५८६२०**

**अम्बर बहादुर कुमाल**
कोषाध्यक्ष

**राजु खड्का**
सचिव

# सरकारले बनायो छानबिन समिति

**दमक/** गणेश नेपालीको आत्मदाह प्रकरणमा सरकारले छानबिन समिति गठन गरेको छ । प्रतिनिधिसभाको शुक्रबारको बैठकमा गृहमन्त्री सुधन सुरूङले डीआईजी गोविन्द थपलियाको संयोजकत्वमा ५ सदस्यीय छानबिन समिति गठन गरिएको जानकारी दिएका हुन् ।

साथै नेपालीको मृत्यु प्रकरणमा तीन जना नगर प्रहरीलाई नियन्त्रणमा लिएर अनुसन्धान भइरहेको मन्त्री गुरूङले जानकारी दिए । 'डीआईजी गोविन्द थपलियाको संयोजकत्वमा पाँच सदस्यीय छानबिन समिति गठन गरेका छौं,' उनले भने, 'तीन जना नगर प्रहरीलाई नियन्त्रणमा लिएका छौं ।' उनले भने । आत्मदाह प्रयासबाट घाइते भएका मुगुका नेपालीको शुक्रबार वीर अस्पतालमा निधन भएको थियो ।

## संविधान संशोधन कार्यदलबाट प्रतिनिधि फिर्ता

**दमक/** नेपाल कम्युनिष्ट पार्टी (एमाले) ले संविधान संशोधन बहसपत्र तयारी कार्यदलबाट आफ्नो प्रतिनिधिलाई औपचारिक रूपमा फिर्ता बोलाएको जनाएको छ । एमालेका महासचिव शंकर पोखरेलले कार्यदलका संयोजकलाई पत्र लेख्दै सरकारको निर्णयअनुसार गठन भएको उक्त कार्यदलमा पार्टीका तर्फबाट डा. भीम अधिकारी प्रारम्भिक चरणमा सहभागी भए पनि कार्यदलको कामकारबाहीप्रति असन्तुष्टि जनाउँदै प्रतिनिधिलाई फिर्ता बोलाउने निर्णय गरिएको जानकारी दिए बाँकी ४ पेजमा ▸▸

# गणेश नेपालीको मृत्युबारे संसदमा सरकारको चर्को आलोचना

**दमक/** मुगुका २५ वर्षीय गणेश नेपालीको आत्मदाहपछि उपचारका क्रममा भएको मृत्युको विषय शुक्रबार संघीय संसद्मा प्रमुख रूपमा उठेको छ । सत्ता र प्रतिपक्षी दुवै पक्षका सांसदहरूले घटनाप्रति दुःख व्यक्त गर्दै सरकारको कार्यशैली, ट्राफिक जरिवाना नीति र महानगरपालिकाको व्यवहारमाथि गम्भीर प्रश्न उठाएका छन् ।

विपक्षी दलहरूले घटनालाई राज्यको असंवेदनशील नीतिको परिणाम भन्दै निष्पक्ष छानबिन, जिम्मेवारी निर्धारण र मृतक परिवारलाई उचित राहत उपलब्ध गराउन माग गरेका छन् । गणेश नेपालीले बिहीबार काठमाडौंको त्रिपुरेश्वरस्थित राहदानी विभागअगाडि आफूले चलाउने राइड सेयरिङ मोटरसाइकलमा काठमाडौं महानगरपालिकाले ह्विल लक लगाएर लैजान खोजेपछि शरीरमा पेट्रोल छर्केर आत्मदाहको प्रयास गरेका थिए ।

करिब ५५ प्रतिशत शरीर जलेका उनको वीर अस्पतालको बर्न सेन्टरमा उपचारका क्रममा शुक्रबार मृत्यु भएको हो । उनी मुगुका स्थायी बासिन्दा भए पनि भक्तपुरमा श्रीमती र छोरीसँग बस्दै राइड सेयरिङ एपमार्फत जीविकोपार्जन गर्दै आएका थिए ।

प्रतिनिधिसभामा नेकपाका नेता वर्षमान पुनले २०७९ सालमा संसद् भवनअगाडि आत्मदाह गरेका प्रेम आचार्यको प्रसंग स्मरण गराउँदै तत्कालीन काठमाडौं महानगरपालिकाका मेयर बालेन शाहले त्यसबेला लेखेको सामाजिक सञ्जालको स्टाटस संसद्मा पढेर सुनाए । त्यतिबेला बालेनले लेखेको 'आत्मदाहको सबैभन्दा ठूलो कारण राज्य बाँकी ४ पेजमा ▸▸

# कोशीमा ७० प्रतिशत रकम खर्च

**दमक/** कोशी प्रदेश सरकारको सबैभन्दा बढी खर्च गर्ने भौतिक पूर्वाधार विकास मन्त्रालयले चालू आर्थिक वर्षको अन्त्यसम्ममा सन्तोषजनक पूँजीगत खर्च गरेको छ । मन्त्रालयले उपलब्ध गराएको प्रारम्भिक तथ्यांक अनुसार कुल विनियोजित बजेटको करिब ७० प्रतिशत रकम खर्च भएको छ ।

विकास निर्माणका ठूला आयोजना र सडक सञ्जाल विस्तारको जिम्मेवारी पाएको यस मन्त्रालयले १० अर्ब ६३ करोड रूपैयाँको अन्तिम बजेटमध्ये ७ अर्ब ४४ करोड रूपैयाँ खर्च गर्न सफल भएको हो ।

मन्त्रालयको अन्तिम प्रतिवेदन अनुसार कुल १० अर्ब ६३ करोड २४ लाख ६२ हजार रूपैयाँ बजेट विनियोजन गरिएको थियो । यसमध्ये आर्थिक वर्षको अन्त्यसम्ममा ७ अर्ब ४४ करोड ४३ लाख १३ हजार १५२ रूपैयाँ खर्च भएको छ । यो कुल बजेटको ६९.९९ प्रतिशत हुन आउँछ ।

यद्यपि, प्रदेश सरकार कोष तथा लेखा नियन्त्रक कार्यालय बाँकी ४ पेजमा ▸▸

## सम्पादकीय

# मातृभाषा शिक्षाको अनुकरणीय अभियान

नेपालको संविधानले स्थानीय तहलाई आफ्नो क्षेत्रमा बोलिने मातृभाषालाई सरकारी कामकाज र शिक्षाको माध्यम बनाउन दिइएको अधिकारको प्रयोग गर्दै इलामको माङसेबुङ र चुलाचुली गाउँपालिकाले थालेको अभियान सकारात्मक कदम हो ।


लिम्बू भाषालाई सरकारी कामकाजको भाषा बनाउने घोषणा गरिसकेको यस पालिकाले यस वर्षबाट आफ्नो आन्तरिक स्रोतको प्रयोग गरी लिम्बू र वान्तवा भाषाका शिक्षकहरुको दरबन्दी सिर्जना गरेर शिक्षा क्षेत्रमा नयाँ आयाम थपेको छ । गजुरमुखी, मण्डिका र दुर्गा माध्यमिक विद्यालयलगायतका शिक्षालयहरुमा लिम्बू र सरस्वती, जनता तथा सिंहेश्वरी आधारभूत विद्यालयमा वान्तवा भाषाका शिक्षकको व्यवस्थापनले स्थानीय तह आफ्नो पहिचान र संस्कृतिप्रति सचेतनाको पुष्टि गर्छ ।

यसअघि नै कक्षा १ देखि ५ सम्मको लिम्बू भाषाको पाठ्यक्रम निर्माण गरी पवित्रा, साम्जिक मुन्धुम, सरस्वती र साम्जिक मुन्धुम पाठशालामा पठनपाठन गरिरहेको माङसेबुङको यो कार्य बालबालिकाको सिकाइका लागि सरल विधि हुनेछ । मनोविज्ञान र शिक्षाशास्त्रले पनि बालबालिकाले आफ्नो मातृभाषामा नै सबैभन्दा सहज र प्रभावकारी ढंगले सिक्न सक्ने तथ्यलाई स्वीकार गरेको छ । त्यसैले, चुलाचुली र माङसेबुङको यो कदमले बालबालिकाको सिकाइलाई थप गुणस्तरीय र रूचिपूर्ण बनाउन मद्दत पुग्ने निश्चित छ ।

शिक्षाका साथसाथै सरकारी कामकाजमा मातृभाषाको प्रयोगले नागरिक र राज्यबीचको दूरी घटाउने काम गर्छ । जब स्थानीय सरकारले आफ्नो क्षेत्रका रैथाने भाषाहरुलाई सम्मान र संरक्षण गर्छ, तब जनताले राज्यप्रति अपनत्व महसुस गर्छन् । यो नै लोकतान्त्रिक गणतन्त्र र संघीयताको उपलब्धी हो । यसलाई जननिर्हित स्वतन्त्रताको सकारात्क कदमको रूपमा लिन सकिन्छ । गाउँपालिकाले संघीय सरकारको मुख ताकेर नबसी आन्तरिक स्रोतबाटै शिक्षकहरुको तलबभत्ताको व्यवस्था गरी यो अभियानलाई अघि बढाउनुले स्थानीय सरकार कति अधिकारसम्पन्न र कार्यान्वयनमा तत्पर छ भन्ने उदाहरण प्रस्तुत गरेको छ ।

अन्तमा, माङसेबुङ गाउँपालिकाको यो प्रयासले रैथाने भाषा र लिपिको संरक्षण मात्र नभएर सिङ्गो समाजको सांस्कृतिक समृद्धिलाई समेत टेवा पुर्‍याउनेछ । यस्ता प्रशंसनीय कार्यहरुले मातृभाषामा शिक्षा पाउने नागरिकको संवैधानिक अधिकारलाई व्यावहारिक रुप दिन अरु स्थानीय तहका लागि समेत एउटा बलियो दृष्टान्तका रुपमा काम गर्नेछन् । बहुभाषिक र बहुसांस्कृतिक नेपाली समाजमा चुलाचुली र माङसेबुङको यो पहल साँच्चिकै अनुकरणीय छ ।

# के हो भौतिकवाद ? किन बन्ने भौतिकवादी ?



वैद्यनाथ श्रमजीवी

**भौतिकवादका आलोचकहरुले कहिलेकाहीँ भौतिकवादले जीवनलाई अर्थहीन बनाउँछ भन्ने आरोप लगाउँछन् । तर वास्तविकता उल्टो छ । भौतिकवादका अनुसार मानव जीवन यही एउटा जीवन हो। त्यसैले यसलाई अझ अर्थपूर्ण, सुखी, स्वतन्त्र र मानवीय बनाउनुपर्छ । यदि यही जीवन मात्र छ भने मानव कल्याण, शिक्षा, स्वास्थ्य, स्वतन्त्रता र न्यायको महत्व झन् बढ्छ ।**

भौतिकवाद के हो यसबारे मा आजको पुस्तामा बहस नै देखिँदैन पुरानो पुस्ता कर्न युज देखिन्छ । कसैले नास्तिकतालाई नै भौतिकवाद भन्दछन् भने कसैले आदर्शवादको विरोध गर्ने कुरालाई भौतिकवाद ठान्दछ । यस्तोमा प्रश्न उठ्छ – के हो भौतिकवाद ? आजको एक्काइसौँ शताब्दीमा प्रत्येक मानिस किन बन्नुपर्छ भौतिकवादी ?

आउनुस् यसै बारेमा यो लेख्न केही चर्चा गरौं । मानव इतिहासमा संसार, जीवन, चेतना र समाजलाई बुझ्ने दुई प्रमुख दार्शनिक धाराहरु देखिन्छन् – आदर्शवाद र भौतिकवाद। आदर्शवादले संसारको मूल आधार कुनै अलौकिक शक्ति, ईश्वर, आत्मा वा चेतनालाई मान्छ भने भौतिकवादले प्रकृति र पदार्थलाई नै सबै कुराको आधार मान्छ ।

**के हो भौतिकवाद ?**

भौतिकवाद (Materialism) यस्तो दार्शनिक दृष्टिकोण हो जसले ब्रह्माण्ड, प्रकृति, जीवन र चेतना सबै पदार्थ (Matter) र त्यसका विभिन्न रूप तथा प्रक्रियाबाट बनेका हुन् भन्ने मान्यता राख्छ ।

भौतिकवादका अनुसार- पदार्थ चेतनाभन्दा पहिले अस्तित्वमा थियो । प्रकृति कसैको सिर्जना होइन, यो आफ्नै नियमअनुसार चलिरहेको छ । मानव मस्तिष्क पदार्थकै एउटा जटिल रूप हो । चेतना, विचार, भावना र कल्पना मस्तिष्कको क्रियाकलापबाट उत्पन्न हुन्छन् । कुनै पनि दाबीलाई प्रमाण, तथ्य र तर्कका आधारमा जाँच्नुपर्छ । सरल भाषामा भन्नुपर्दा, भौतिकवाद भनेको संसारलाई वास्तविकता, तथ्य, प्रमाण र विज्ञानका आधारमा बुझ्ने दृष्टिकोण हो ।

**भौतिकवादको ऐतिहासिक विकास**

भौतिकवादी विचार आधुनिक युगमा मात्र उत्पन्न भएको होइन। यसको इतिहास हजारौं वर्ष पुरानो छ । प्राचीन भारतमा चार्वाक दर्शनले वेद, यज्ञ, आत्मा र परलोकको विरोध गर्दै प्रत्यक्ष प्रमाणलाई ज्ञानको आधार मानेको थियो ।

प्राचीन ग्रीसमा म्क्ष्यअचष्तगक ले संसार अणुहरूबाट बनेको छ भन्ने विचार प्रस्तुत गरेका थिए । आधुनिक युगमा विज्ञानको विकाससँगै भौतिकवाद अझ बलियो बन्दै गयो। खगोलशास्त्र, जीवविज्ञान, भूगर्भशास्त्र, रसायनशास्त्र र न्यूरोसाइन्सका खोजहरूले प्रकृतिलाई बुझ्न अलौकिक शक्तिको आवश्यकता नरहेको देखाए ।

**किन बन्नुपर्छ भौतिकवादी ?**

**१. सत्यलाई प्रमाणबाट बुझ्न**

भौतिकवादी दृष्टिकोणले कुनै कुरा केवल विश्वासका आधारमा स्वीकार गर्दैन । त्यसलाई तथ्य, प्रमाण र परीक्षणका आधारमा जाँच्छ ।

यदि कुनै दाबी सत्य हो भने त्यसलाई प्रमाणित गर्न सकिनुपर्छ। यदि प्रमाण छैन भने त्यो केवल विश्वास हुन सक्छ, सत्य होइन ।

**२. अन्धविश्वासबाट मुक्त हुन**

भूतप्रेत, ग्रहदशा, कर्मफल, जादुटुना, चमत्कार, भाग्यले सबै निर्धारण गर्छ भन्ने धारणाहरु वैज्ञानिक परीक्षणमा प्रमाणित भएका छैनन् ।

भौतिकवादी सोचले मानिसलाई यस्ता अन्धविश्वासबाट मुक्त गराउँछ र वास्तविक कारण खोज्न प्रेरित गर्छ ।

**३. विज्ञानलाई स्वीकार गर्न**

आज मानव सभ्यता जुन स्तरमा पुगेको छ, त्यो धर्मग्रन्थका मन्त्र वा प्रार्थनाले होइन, विज्ञान र प्रविधिको विकासले सम्भव भएको हो ।

औषधि विज्ञान, विद्युत् , कम्प्युटर, इन्टरनेट, अन्तरिक्ष अनुसन्धान र आधुनिक कृषि । यी सबै वैज्ञानिक अनुसन्धानका परिणाम हुन् । भौतिकवादले विज्ञानलाई ज्ञान प्राप्त गर्ने सबैभन्दा भरपर्दो माध्यम मान्छ ।

**४. मानव केन्द्रित नैतिकता विकास गर्न**

धार्मिक नैतिकता प्रायः ईश्वरको आदेशमा आधारित हुन्छ । तर भौतिकवादी नैतिकता मानव हित, न्याय, समानता र सहकार्यमा आधारित हुन्छ । मानिसले राम्रो काम स्वर्गको आशामा वा नरकको डरले होइन, समाज र मानवताको हितका लागि गर्नुपर्छ भन्ने भौतिकवादी धारणा हो ।

**५. सामाजिक विभेदको विरोध गर्न**

इतिहासमा जात व्यवस्था, छुवाछुत, दासप्रथा, महिला दमन र विभिन्न प्रकारका विभेदलाई धार्मिक आधारबाट समेत वैध ठहर गरिएका उदाहरणहरु छन् । भौतिकवादी दृष्टिकोणले सबै मानिस जैविक रूपमा समान भएको स्वीकार गर्छ । जन्मका आधारमा कोही उच्च वा निम्न हुँदैन ।

**६. वास्तविक समस्याको वास्तविक समाधान खोज्न**

गरिबी, बेरोजगारी, रोग, अशिक्षा र सामाजिक असमानता जस्ता समस्याहरूको समाधान पूजा, यज्ञ वा प्रार्थनाले होइन, वैज्ञानिक नीति, शिक्षा, उत्पादन र सामाजिक सुधारबाट सम्भव हुन्छ । भौतिकवादले समस्याको वास्तविक कारण पत्ता लगाएर समाधान खोज्ने प्रयास गर्छ ।

**के भौतिकवादले जीवनलाई अर्थहीन बनाउँछ ?**

भौतिकवादका आलोचकहरुले कहिलेकाहीँ भौतिकवादले जीवनलाई अर्थहीन बनाउँछ भन्ने आरोप लगाउँछन् । तर वास्तविकता उल्टो छ ।

भौतिकवादका अनुसार मानव जीवन यही एउटा जीवन हो। त्यसैले यसलाई अझ अर्थपूर्ण, सुखी, स्वतन्त्र र मानवीय बनाउनुपर्छ । यदि यही जीवन मात्र छ भने मानव कल्याण, शिक्षा, स्वास्थ्य, स्वतन्त्रता र न्यायको महत्व झन् बढ्छ ।

**निष्कर्ष**

भौतिकवाद केवल एउटा दर्शन होइन, संसारलाई बुझ्ने वैज्ञानिक र यथार्थवादी दृष्टिकोण हो । यसले मानिसलाई अन्धविश्वासभन्दा प्रमाणतर्फ, भाग्यवादभन्दा कर्मतर्फ, र अलौकिक व्याख्याभन्दा वैज्ञानिक अनुसन्धानतर्फ लैजान्छ ।

आजको युग विज्ञान, प्रविधि र तर्कको युग हो। यस्तो अवस्थामा संसारलाई बुझ्न, सत्यको खोजी गर्न, अन्धविश्वासबाट मुक्त हुन र मानव समाजलाई अझ न्यायपूर्ण बनाउन भौतिकवादी दृष्टिकोण अत्यन्त आवश्यक छ । भौतिकवादी बन्नु भनेको कुनै नयाँ धर्म अपनाउनु होइन; सत्यलाई प्रमाणबाट जाँच्ने, तर्कसंगत ढंगले सोच्ने र वास्तविक संसारलाई तथ्यको आधारमा बुझ्ने साहस गर्नु हो ।

## सामाजिक सञ्जाल

# कि न्याय देऊ, कि सजाय देऊ !

युनिषा कार्की

कहिल्यै राज्यसँग केही नमागेका जनतामाझ लोकप्रिय दुई कलाकार_धुर्मुस (सिताराम कट्टेल) र कुञ्जना घिमिरेले आफ्नो लोकप्रियतालाई व्यक्तिगत सम्पत्ति होइन, समाजको सेवामा लगाए । बाढीपीडितका लागि बस्ती बनाए, भूकम्पपीडितलाई घर बनाए, अनि एउटा सपना देखे_नेपालमै अन्तर्राष्ट्रिय स्तरको क्रिकेट रंगशाला बनाउने ।

जुन सपना पूरा गर्ने हैसियत राज्यसँग पनि वर्षौंसम्म देखिएन, त्यो सपना उनीहरूले देश–विदेशका नेपालीको सानो–सानो सहयोग जोडेर साकार पार्न थाले । लाखौं नेपालीले उनीहरूमाथि विश्वास गरेर सहयोग गरे। तर त्यो अभियान अन्त्यतिर पुग्दा सहयोगभन्दा बढी अवरोध, समर्थनभन्दा बढी आरोप र हौसलाभन्दा बढी निराशा उनीहरूको भागमा पर्‍यो । अन्ततः उनीहरूले आँसु बगाउँदै अभियानबाट हात झिक्नुपर्‍यो ।

आज सरकारले गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशालाको स्वामित्व लिएको छ । यो स्वागतयोग्य कदम हो । अब राज्यले रंगशाला पूरा गरेर हजारौं खेलाडी र करोडौं नेपालीको सपना साकार पार्नुपर्छ । तर एउटा प्रश्न अझै अनुत्तरित छ_धुर्मुस–सुन्तलीले पाएको न्याय कहाँ छर ?

यदि उनीहरूले कुनै गल्ती गरेका थिए भने त्यसको कानुनी छानबिन होस्, दोषी भए कानुनबमोजिम सजाय होस् । तर यदि उनीमाथि लागेका आरोप प्रमाणित हुन सकेका छैनन् भने वर्षौंदेखि उनीहरूले बोकेको शंका र अपमानको भारी कहिलेसम्म बोक्नेर ?



एउटा कलाकारले आफ्नो करिअर, समय, प्रतिष्ठा र ऊर्जा समाजका लागि खर्च गर्‍यो। बदलामा उसले के पायो_प्रशंसा कि पीडा ?

राज्यले रंगशाला मात्रै पूरा गर्नु पर्याप्त हुँदैन । धुर्मुस–सुन्तलीमाथि उठेका प्रश्नहरूको निष्पक्ष छानबिन गरी सत्य सार्वजनिक गर्नु पनि उत्तिकै आवश्यक छ । यसका लागि आवश्यक परे स्वतन्त्र समिति गठन गरेर तथ्य बाहिर ल्याइनुपर्छ । यसले उनी निर्दोष भए सम्मानपूर्वक न्याय दिलाउनेछ, र दोषी भए कानुनअनुसार कारबाहीको बाटो खुला हुनेछ ।

किनकि एउटा समाजमा अनिश्चित आरोप पनि सजायसरह हुन्छ । आज आवश्यकता केवल रंगशाला निर्माणको होइन, विश्वासको पुनर्निर्माण पनि हो । धुर्मुसले सुरू गरेको अभियानले नेपाली समाजलाई एक ठाउँमा उभ्याएको थियो। अब त्यो अभियानको अन्तिम अध्याय लेख्ने जिम्मेवारी राज्यको हो ।

*त्यसैले प्रश्न एउटै छ_*
*कि धुर्मुसलाई न्याय देऊ,*
*कि उनले गल्ती गरेका हुन् भने कानुनअनुसार सजाय देऊ ।*
*तर वर्षौंदेखि शंका र अन्यायको बीचमा झुन्ड्याएर नराख ।*

**महेन्द्र मोरङ क्याम्पस, विराटनगर**

# नेपाली जेनजी आन्दोलनकारी थिए

*- रक्षा बम*

**दमक** / त्रिपुरेश्वरस्थित राहदानी विभागअगाडि आत्मदाहको प्रयास गरेका गणेश नेपाली जेन-जी आन्दोलनमा सक्रिय सहभागी भएको खुलेको छ। नागरिक आन्दोलनमा सक्रिय अभियन्ता रक्षा बमले सामाजिक सञ्जालमार्फत गणेशले आन्दोलनमा भाग लिएर घाइते समेत बनेको बताएकी छन् ।

उनी लेख्छिन्, 'गणेश नेपाली जेन-जी आन्दोलनमा सहभागी थिए । आन्दोलनका क्रममा उनको हातमा सामान्य चोट पनि लागेको रहेछ । उनी त्यही आन्दोलनकारी हुन्, जो आफू बाँच्न लायक देश होस् भनेर त्यो दिन सडकमा ओर्लिएका थिए ।' हिजो तिनै युवाहरूले गरेको संघर्षको जगमा आज शासन चलिरहेको तर तिनै युवाहरू राज्यको संवेदनहीनताका कारण अस्पतालको शय्यामा पुगेको उनले टिप्पणी गरेकी छिन् ।

बम थप्छिन् 'आज त्यही संघर्षका कारण तिमीहरू सत्ता र शक्तिमा छौ, तर उ तिमीहरूको शासनमा अस्पतालको शय्यामा मृत्यु र जीवनबीच जुधिरहेको छ ।'

सरकारले भुइँतहका मानिसहरूमाथि त्रास फैलाएको र उनीहरूको आर्थिक अवस्थालाई नजरअन्दाज गरेको बमको आरोप छ । दुई-तिहाइको दम्भले गरिब जनताको पीडा नबुझेको उल्लेख गर्दै उनले भनेकी छिन्,



'दुईतिहाइको मातले जे पनि गर्न सकिन्छ भनेर तिमीहरूले भुइँतहका मानिसहरूमाथि त्रासमाथि त्रास थोपर्दै आइरहेका छौं ।'

विशेष गरी ट्राफिक नियम र पार्किङका नाममा लिइने चर्को जरिवानाप्रति उनले गम्भीर प्रश्न उठाएकी छिन् । 'ट्राफिक नियम उल्लंघन गर्दा हजारौं/लाखौं जरिवाना तिर्नुपर्ने व्यवस्था तिमीहरूले आफ्नै आर्थिक हैसियतअनुसार ल्याउँदै छौ ।


अत्याधुनिक प्रविधिद्वारा उत्पादित
नयाँ झापाली इटा
बजारमा
झापाली इटा
झापाली इटा
ठूलो साइजको ईटा उपलब्ध छ ।
सम्पर्कका लागि:
भगवान बस्नेत : ९८५२६७००३१
उद्योग सम्पर्क : ९८०१४०१४४२

पानासोनिक इलेक्ट्रोनिक्स वर्ल्ड, दमक-८, झापा
विगत दुई दशक अगाडीदेखि तपाईहरुको सेवामा
समर्पित यस मर्मत केन्द्रले सबै प्रकारका LED, TV, Online UPS इनभर्टर सर्वो स्टेपलाइजर, Sound System, Speeker, ब्याट्री चार्जर, वेल्डिङ मेशिन साथै मोटर, पंखा, फ्रिज, AC वासिङ मेशिन, काँटा सुलभ दरमा ग्यारेन्टीका साथ मर्मत गरिन्छ ।
साथै यहाँ अर्डर अनुसार सबै प्रकारका UPS, इनभर्टर, स्टेपलाइजर नयाँ तयार गर्नुका साथै सबै प्रकारका रिमोट र इलेक्ट्रोनिक पार्टसहरु, सेकेण्डहेण्ड मोटर र फेन पाइन्छ ।
नोट :
१) मेडिकल हस्पिटलमा प्रयोग हुने सबै सामानहरु मर्मत गरिन्छ ।
२) यहाँ होम सर्भिसको सेवा पनि उपलब्ध छ ।
३) सबै प्रकारका सेकेण्डहेण्ड सामान पनि बिक्री गरिन्छ ।
प्रो. मनोज सिंह
९८४२६२०९३०/९८०४९३१६३९/०२३-५८३१४७


मनकामना डेन्टल केयर
विशेष अफरका साथ





यहाँ आधुनिक प्रविधिबाट दाँत र मुख सम्बन्धी सम्पूर्ण उपचार विशेष छुटका साथ गरिन्छ ।
Dr. Nabin Kant Chaudhary
Consultant Oral & Dental Surgeon
BDS Bangladesh (RU) NMC No.: 19332
दमक-६, थानारोड (झापा)
Call : 9819041615/9810315415

खड्ग बहादुर खड्काको
कविता संग्रह
ज्वाला
विभिन्न पुस्तक पसलमा उपलब्ध छ । किनेर पढ्न चाहनेले नजिकको पुस्तक पसलमा सम्पर्क गर्नहुन अनुरोध छ ।


सम्पर्क नम्बर : ९८४४६८०४९९

# माङसेबुङमा कुलो निर्माण पछि रोपाईंमा सहज



**इलाम/** माङसेबुङको ग्रामीण क्षेत्रमा सिँचाइ सुविधा विस्तार भएसँगै किसानहरूले समय अनुसारका अन्नबाली तथा तरकारी बाली उत्पादन गर्न थालेका छन् । यतिबेला किसानको दैनिकी समेत फेरिएको छ ।

इलामको माङसेबुङ गाउँपालिका-२ मालबाँसेमा साना सिँचाइ कार्यक्रम अन्तर्गत व्यवस्थित सिँचाइ कुलो निर्माण भएपछि त्यस क्षेत्रका किसानलाई यतिबेला खेती गर्न सहज भएको छ । स्थानीय किसान चन्द्रबहादुर राना मगरलाई यस वर्ष धानखेती गर्न समस्या छैन ।

वर्षौंदेखि आकासे पानीको भरमा धानखेती गर्दै आएका उनी यस वर्षदेखि पुरानो समस्याबाट मुक्त भएका छन् । "विगतमा आकासे पानीको पर्खाइमा नै बित्ने गर्दथ्यो, यस वर्षदेखि सुरूमा नै सिँचाइ सुविधा विस्तार भएपछि त्यो बाध्यताबाट मुक्ति पाइयो,' योजना उपभोक्ता समिति अध्यक्ष समेत रहेका उनले भने, मसहित यहाँका ५० बढी किसानलाई पुरानो पीडाबाट मुक्ति मिलेको छ ।

उनको टोलमा ३० लाख ३६ हजारको लागतमा ट्वाङ्मे खोलाबाट ट्वाङ्मे-बालबाँसे सिँचाइ कुलो निर्माण भएको हो । कुलो निर्माणसँगै वर्षौंदेखि आकासे पानी पर्खनुपर्ने झण्झटबाट मुक्त भएसँगै मालबाँसेका किसान खुसी भएका हुन् ।

माङसेबुङ-५ का किसान टीकाराम केरूङ पनि खुसी छन् । स्थानीय मेवा खोला सिँचाइ योजनाबाट पक्की कुलो निमर्ण भई खेतमा टनाटन पानी आउन थालेपछि केरूङसहित सो वडाका सबैजसो किसान खुसी भएका हुन् । पानीको अभावमा खेत बाँझै राखेर बस्न विवश मेवा टोलका किसानलाई सिँचाइ आयोजनाले ठूलो राहत मिलेको केरूङले बताए ।

मगर र केरूङ प्रतिनिधि उदाहरण मात्र हुन् । माङसेबुङका चार वडामा सञ्चालित आठ वटा साना सिँचाइ कार्यक्रमबाट त्यहाँका सयौं किसान उत्साहित भएका छन् । बाँझो रहेको खेतखेतमा सिँचाइ सुविधा पुगेपछि किसान उत्साहित छन् ।

आर्थिक वर्ष २०८२-०८३ मा माङसेबुङमा रू एक करोड १७ लाख ४१ हजार ७११ को लागतमा मर्मतसम्भारसहित आठ वटा पक्की कुलो निर्माण सम्पन्न भएका छन् । गत वर्ष निर्माण सुरू भई अधुरो रहेको वडा नं ४ स्थित रतुवाखोला-बाघमारा-सिङफेरे-मार्चेबुङ सिँचाइ योजना यस वर्ष रू १० लाख ४५ हजार ३९ को थप लागतमा सम्पन्न भएको छ । त्यस्तै वडा नं ५ मा रू २४ लाख ९१ हजार ८१२ को लागतमा मेवाखोला सिँचाइ योजना निर्माण सम्पन्न भएको छ ।

त्यस्तै गएको असोज १८ गतेको आरीघोप्टे वर्षासँगै आएको बाढीले क्षतिग्रस्त पाँच वटा सिँचाइ योजना मर्मतसम्भार सम्पन्न भएका छन् । माङसेबुङ गाउँपालिका साना सिँचाइ योजना फोकल पर्सन अधिकृत छैटौं (इन्जिनियर) युवराज दाहालका अनुसार बाढीले क्षतिग्रस्त वडा नं १ मा १५ लख ७९ हजार ६०३ को लागतमा हाङमायक सिँचाइ योजनाको मर्मतसम्भार सम्पन्न भएको छ । वडा नं २ मा आठ लाख ६८ हजार ४९२ को लागतमा लाम्पाते सिँचाइ योजना, पाँच लाख १८ हजार ४६७ को लागतमा आहाले-दोभान-साजबोटे-सातबिसे सिँचाइ योजना, १५ लाख १० हजार २९० को लागतमा मूलकुलो सिँचाइ योजना र छ लाख ९१ हजार ९५३ को लागतमा फेवा विकासे सिँचाइ योजनाको मर्मतसम्भार सम्पन्न भएको फोकल पर्सन दाहालले जानकारी दिए ।

पहिले पहिले सिजनमा धान रोप्नका लागि आकासे पानी पर्खनुपर्ने बाध्यता थियो, समयमा पानी नपर्दा खेत बाँझै समेत राख्नुपर्ने बाध्यता थियो, माङसेबुङ गाउँपालिका-४ का सिङफेरेका किसान गजेन्द्र राईले विगतलाई स्मरण गर्दै भने, "पक्की कुलोबाट पानी आउन थालेपछि अहिले ढुक्क भएको छ, अब आकासे पानी पर्खिरहनुपर्ने बाध्यताबाट मुक्त भएका छौं ।

योजनाबाट माङसेबुङका करिब चार हजार रोपनी क्षेत्रमा सिँचाइ सुविधा विस्तार भएको फोकल पर्सन दाहालले बताए । सिँचाइ सुविधा विस्तारसँगै यहाँका ५०० बढी घरपरिवारका किसान प्रत्यक्ष लाभान्वित भएका छन् । योजना सञ्चालनका लागि स्वीस सरकारको ३० प्रतिशत, संघीय सरकार, प्रदेश सरकार र सम्बन्धित पालिकाले २०/२० प्रतिशत र स्थानीय उपभोक्ताको १० प्रतिशत लागत साझेदारी गरेको थियो ।

सिँचाइ विस्तार भएसँगै माङसेबुङमा रैथाने अन्नबाली, नगदेबाली तथा तरकारी बाली उत्पादन र उत्पादकत्वमा वृद्धि हुने अपेक्षा छ । स्थानीय समुदाय र उपभोक्ता लागेर आयोजनाहरूको संरक्षण र सम्वर्द्धनमा ध्यान दिन सकेमा आयोजनाले दिगोपना त पाउँछन् नै, उत्पादन र उत्पादकत्वमा समेत वृद्धि हुनेछ, फोकल पर्सन दाहालले भने। माङसेबुङमा धान, मकै, कोदो, फापर, गहुँलगायत अन्नबाली, अलैंची, अदुवा, कफी, आलु, अम्रिसोजस्ता नगदेबाली तथा टमाटर, अकबरे, मूला, काउली, कोपी, बन्दा, सिमीजस्ता तरकारी बालीको व्यावसायिक खेती हुँदै आएको छ ।

## विश्वकप विशेष

# मेसी र एम्बाप्पेलाई पछ्याउँदै हालान्ड र केन कसले जित्ला गोल्डेन बुट ?



**दमक/** फिफा विश्वकप २०२६ को उपाधि कसले जित्ला भन्ने चासो जति बढ्दो छ, त्यत्तिकै रोचक बनेको छ गोल्डेन बुट अर्थात् सर्वाधिक गोलकर्ताको प्रतिस्पर्धा । सामान्यतया एक वा दुई खेलाडीबीच सीमित हुने यो दौड यसपटक चार विश्वस्तरीय स्ट्राइकरबीच कडा प्रतिस्पर्धामा बदलिएको छ । लियोनल मेसी, किलियन एम्बाप्पे, एर्लिङ हालान्ड र हयारी केनमध्ये कसले अन्तिममा गोल्डेन बुट जित्ने हो भन्ने अनुमान गर्न अहिले नै कठिन देखिएको छ ।

हाल अर्जेन्टिनाका कप्तान लियोनल मेसी र फ्रान्सका कप्तान किलियन एम्बाप्पे समान ८ गोलसहित शीर्ष स्थानमा छन्। नर्वेका एर्लिङ हालान्डले ७ गोल गरेका छन् भने इङ्गल्यान्डका कप्तान हयारी केन ६ गोलसहित नजिकै छन् । यी चार खेलाडीको प्रदर्शनले विश्वकप इतिहासकै सबैभन्दा प्रतिस्पर्धात्मक गोल्डेन बुटको दौडमध्ये एक सिर्जना गरेको छ ।

विश्वकपको इतिहास हेर्दा पाँच वा छ गोलले नै धेरै संस्करणमा गोल्डेन बुट जित्न पर्याप्त हुने गरेको थियो। सन् २००६ मा मिरोस्लाभ क्लोज र २०१० मा थोमस मुलर ले पाँच-पाँच गोलमै यो अवार्ड जितेका थिए । सन् २०१८ मा हयारी केनले ६ गोल गर्दै गोल्डेन बुट हात पारेका थिए भने २०२२ मा किलियन एम्बाप्पे ८ गोलसहित विजेता बनेका थिए। तर यसपटक भने ८ गोल गरेर पनि उपाधि सुरक्षित छ भन्न सकिने अवस्था छैन ।

यसपटकको दौडलाई अझ रोचक बनाएको अर्को पक्ष भनेको चारै खेलाडीको उत्कृष्ट लय हो। मेसी अनुभव र निरन्तरताका भरमा अघि छन् भने एम्बाप्पे आफ्नो तीव्र गति र आक्रामक खेलका कारण कुनै पनि क्षण अग्रता लिन सक्ने अवस्थामा छन् । फ्रान्स सेमिफाइनलमा पुगिसकेकाले एम्बाप्पेका लागि फेरि एक पटक यो उपाधि सहज देखिन्छ । अन्य खेलाडीका लागि भने आगामी खेलको नतिजा कुर्नुपर्ने हुन्छ ।

पहिलो पटक विश्वकप खेलिरहेका एर्लिङ हालान्डले कम समयमै ७ गोल गर्दै आफ्नो असाधारण फिनिसिङ क्षमता प्रमाणित गरेका छन् । उता, २०१८ का गोल्डेन बुट विजेता हयारी केन पनि फेरि एकपटक इतिहास दोहोर्याउने लक्ष्यमा छन् ।

गोल्डेन बुटको विजेता निर्धारण गर्दा सबैभन्दा पहिले गोल संख्या हेरिन्छ । यदि गोल बराबरी भए असिस्टको आधारमा निर्णय हुन्छ । त्यसपछि पनि बराबरी भए कम समय मैदानमा बिताएको खेलाडीलाई प्राथमिकता दिइन्छ ।




**दमक/** ओखरमा स्वस्थ बोसो, भिटामिन र खनिजहरू हुन्छन्, जसले शरीरलाई धेरै फाइदा दिन्छ। कसैले ३० दिनसम्म लगातार ओखर खायो भने के हुन्छ ?
आजको यस लेखमा हामी एक महिनासम्म लगातार ओखर खाँदा मुटु, मस्तिष्क र शरीरमा पर्ने प्रभाव र फाइदाहरूबारे कुराकानी गर्नेछौं ।

**✓ मुटुको स्वास्थ्यको लागि फाइदाजनक**

दैनिक ओखर खानुले मुटुको स्वास्थ्यलाई फाइदा पुर्‍याउँछ। ओखरमा इन्फ्लामेशन ( सुन्निएको) र अक्सिडेटिभ तनाव कम गर्ने गुणहरू हुन्छन्, जसले स्वास्थ्यलाई राम्रो बनाइराख्न योगदान पुर्‍याउँछ।

**✓ पाचन स्वस्थ रहन्छ**

ओखरमा पोलिफेनोल हुन्छन जसले पेटको माइक्रोबायोटालाई मेटाबोलाइज गर्छ। यस्तोमा पाचन प्रणाली स्वस्थ कायम राख्न पनि ओखर खान सकिन्छ।

**✓ स्मृति सुधार्छ**

ओखरबाट प्राप्त ओमेगा-३ फ्याटी एसिडले मस्तिष्कको शक्ति बढाउँछ। ओखरले स्मरणशक्ति सुधार गर्नुको साथै मस्तिष्कलाई फ्री रेडिकलबाट हुने क्षतिबाट पनि बचाउँछ।

**✓ तनाव कम गर्छ**

ओखर खानुको अर्को फाइदा भनेको यसमा मेलाटोनिन, फोलेट, भिटामिन ई र पोलिफेनोल जस्ता न्यूरो-सपोर्टिभ गुणहरू हुन्छन्, जसले राम्रो मानसिक स्वास्थ्यलाई बढवा दिन्छ। यसले तनाव पनि कम गर्छ।

**✓ तौल घटाउँछ**

खाजाको रूपमा ओखर खानाले तौल घटाउन मद्दत गर्न सक्छ। यसले भोक पनि कम गर्छ।

**✓ रक्तचाप कम गर्न सक्छ**

ओखर रक्तचाप कम गर्न पनि प्रभावकारी हुन सक्छ। यसले रक्तचाप कम गर्न र मुटुको स्वास्थ्य सुधार गर्न मद्दत गर्न सक्छ।

# विद्यालयका गाडीमा सुरक्षा मापदण्ड अनिवार्य

**गौरादह/** गौरादह नगरपालिकाले सामुदायिक तथा संस्थागत विद्यालयलाई परिपत्र जारी गर्दै विद्यालयका सवारीसाधनमा अनिवार्य रूपमा सुरक्षा मापदण्ड पालना गर्न निर्देशन दिएको छ ।

विद्यालयका सवारीसाधन सञ्चालनमा लापरबाही बढेको भन्दै त्यसलाई सुरक्षित र व्यवस्थित बनाउन विद्यालयहरूलाई निर्देशन दिएको हो ।

गौरादह नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत कृष्णप्रसाद सापकोटाका अनुसार केही विद्यालयका सवारीसाधनमा विद्यार्थीको अत्यधिक चाप, सवारीको कमजोर यान्त्रिक अवस्था र न्यूनतम सुरक्षा मापदण्डसमेत पालना नभएको गुनासो आएपछि यस्तो निर्णय गरिएको हो ।

झापामा पछिल्लो तीन महिनाको अवधिमा आधा दर्जनभन्दा बढी विद्यालयका बस दुर्घटनामा परिसकेका छन् । जेठको दोस्रो साता सर्जक एकता बोर्डिङ स्कुलको को १ ख ६९४० नम्बरको बसले सोही विद्यालयमा अध्ययनरत बालक आरोग्य चिमरियालाई ठक्कर दिँदा मृत्यु भएको थियो । बसबाट ओर्लने क्रममा बस चलाउँदा चिमरियाको मृत्यु भएपछि यस घटनाले एक साताभन्दा बढी समय तनाव सिर्जना गरेको थियो ।

यसैगरी, जेठको तेस्रो साता मेचीनगर-७ स्थित सञ्जय सिमेन्ट फ्याक्ट्री अगाडि गोमनसरीबाट धुलाबारीतर्फ जाँदै गरेको होलिबेल इङ्लिस बोर्डिङ स्कुलको मे १ क ३९१ नम्बरको बस र विपरीत दिशाबाट आउँदै गरेको मे ९ प ९९०४ नम्बरको मोटरसाइकल ठोक्किँदा दुई जनाको मृत्यु भएको थियो ।

गरपालिकाले जारी गरेको परिपत्रमा अब चालक अनुमतिपत्र (लाइसेन्स) प्राप्त व्यक्तिलाई मात्र चालक नियुक्त गर्नुपर्ने र विद्यार्थी चढाउन-ओराल्न सहयोग गर्ने एक जना सहचालक (हेल्पर) अनिवार्य रूपमा राख्नुपर्ने उल्लेख छ । त्यसैगरी, सवारीसाधनको सिट क्षमताभन्दा बढी विद्यार्थी राख्न पूर्ण प्रतिबन्ध लगाइएको छ । विद्यार्थीको सुरक्षित आवतजावत सुनिश्चित गर्न नगरपालिकाले सबै विद्यालयलाई उक्त मापदण्ड कडाइका साथ कार्यान्वयन गर्न आग्रह गरेको छ ।

Log on गर्नुहोस्
purbasandesh.com
EPAPER मा पूर्वसन्देश पत्रिका हेर्नुहोस्

## मनोरञ्जन

# नेपाली सिनेमा हलमा विदेशी फिल्मको राज




**दमक/** शुक्रबारदेखि हलमा एक नेपालीसहित ३ विदेशी फिल्म प्रदर्शनमा आएका छन्। नेपाली भाषाको 'भागदौड', बलिउडको 'धमाल ४', हलिउडको 'एभिल डेड बर्न' र हलिउडको मोआना प्रदर्शनमा आएका छन्। हिमाल उप्रेती निर्देशित सोसल ड्रामा फिल्म 'भागदौड' को रनटाइम १ घण्टा ३५ मिनेट छ। सामाजिक र भावनात्मक संवेदना बोकेको यो फिल्ममा अनिशा श्रेष्ठ, घनश्याम जोशी, शारदा राई, विशाल पोखरेल, शेखर चापागाईं लगायतको अभिनय छ।

अजय देवगण स्टारर 'धमाल ४' पनि रिलिज भएको छ। १४३ मिनेट रनटाइमको यो फिल्मलाई कमेडी ड्रामा जनरामा राखिएको छ। देवगणसहित अरशद वारसी, रितेश देशमुख, संजय मिश्र अभिनित फिल्मले खजानाको खोजीको कथा भन्छ।

हलिउडको 'एभिल डेड बर्न' एडल्ट फिल्म हो। पति गुमाएपछि सासू-ससुरासँग बस्न पुगेकी एक महिलाको जीवन अप्रत्याशित र डरलाग्दो मोडमा पुग्छ। परिवारका सदस्य एकपछि अर्को गर्दै रहस्यमय रूपमा 'डेडाइट' मा रूपान्तरण हुन थालेपछि उनले आफूले जीवनभर निभाउने कसम मृत्युले पनि अन्त्य गर्न नसक्ने सत्यको सामना गर्नुपर्छ।

अंग्रेजी भाषाको हरर विधामा बनेको यो फिल्ममा लुसियाने बुकानन, हन्टर डुहान र सुहैला याकुबको अभिनय छ भने यसको निर्देशन सेबास्टियन भानिसेकले गरेका छन्। डिज्नीको फिल्म 'मोआना' पनि प्रदर्शनमा आएको छ। सन् २०१६ मा प्रदर्शन भएको लोकप्रिय एनिमेटेड फिल्म 'मोआना' अब लाइभ-एक्सन संस्करणमा दर्शकमाझ आउने भएको छ।

११५ मिनेट लामो यो अंग्रेजी भाषाको साहसिक कथाको फिल्ममा ड्वेन जोन्सन र रेना ओवेनको मुख्य अभिनय छ। प्रशान्त महासागरका टापुहरूको पृष्ठभूमिमा आधारित यो फिल्मले मोआनाको साहसिक यात्रालाई नयाँ शैली र वास्तविक दृश्यांकनसहित प्रस्तुत गर्नेछ।

## दैनिक राशिफल

आज मिति २०८३ साल असार २७ गते शनिबार
11 July, 2026
तिथि: एकादशी



ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगान : क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि: ९८६७३१०८८२/९८१७००५१६५

| राशि | अक्षर | फल |
| --- | --- | --- |
| मेष | चु चे लो ला लि लँ ले लो अ | मित्र मिलन, परिवारमा सुख । अध्ययन क्षेत्रमा सुधार । |
| वृष | इ उ ए ओ वा वि वु वे वो | जीवनसाथीबाट धोका । आर्थिक पक्ष सवल । |
| मिथुन | का कि कु घ ङ छ के को हा | मावल पक्षबाट सहयोग । नयाँ ठाउँको भ्रमण । |
| कर्कट | (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) | ब्यापारमा नाफा । मन भने अशान्ति । |
| सिंह | मा मि मु मे मो टा टि टु टे | स्त्रीसाथीबाट धोका । मन खिन्न । |
| कन्या | टो प पी पँ ष ण ठ पे पो | ब्यापार व्यवसायमा सफल । पठन पाठन सुधार । |
| तुला | (रा, रि, रु, रे, रो, ता, ति, तु, ते) | पाहुनाको आगमन । परिवारमा खुशीयाली । |
| वृश्चिक | तो ना नि नँ ने नो या यि यु | मानसम्मान मिल्ने । धर्मप्रति आस्था बढेर जाने । |
| धनु | य यो भा भी भ धा फा ढ भे | परिश्रम अनुसार फल प्राप्ती नहोला । मन दोधार रहने । |
| मकर | भो जा जी खि खू खे खो गा गी | नयाँ बस्त्रधारणको योग । स्वास्थ्यमा सुधार । |
| कुम्भ | गँ गे गो सा सी सँ से सो द | स्वास्थ्यमा समस्या । खर्च बढेर जाने । मनमा चिन्ता । |
| मीन | दि दु थ झ ञ दे दो चा ची | आर्थिक लाभ । मन खुशी । जीवनसाथीबाट भरपुर सहयोग । |

# रामधुनीमा थपियो १०८ धारा



इटहरी । सुनसरीको रामधुनी नगरपालिका–४ स्थित रामधुनी मन्दिर पूर्वी नेपालको प्रसिद्ध धार्मिक तथा पर्यटकीय गन्तव्यका रूपमा परिचित छ । हिन्दू धार्मिक आस्थाअनुसार वनवासका क्रममा मिथिलाबाट अयोध्या फर्किने क्रममा भगवान् श्रीराम, माता सीता र लक्ष्मण केही समय यही स्थानमा विश्राम गरी धुनी तापेका थिए । सोही धार्मिक विश्वासका आधारमा यस क्षेत्रको नाम 'रामधुनी' रहन गएको जनविश्वास छ ।

मन्दिर परिसरमा आज पनि भगवान् श्रीरामले बालेको मानिने धुनीको प्रतीकस्वरूप अखण्ड अग्नि संरक्षण गरिएको छ । श्रद्धालुहरूले यस धुनीको दर्शन तथा पूजाआजा गर्दा मनोकामना पूरा हुने, दुःख–कष्ट हट्ने र आध्यात्मिक शान्ति प्राप्त हुने विश्वास राख्छन् । यही कारण वर्षभरि नेपालका विभिन्न जिल्लासँगै भारतको बिहार, पश्चिम बंगाल, सिक्किमलगायत क्षेत्रबाट समेत हजारौं श्रद्धालु दर्शनका लागि रामधुनी पुग्ने गर्छन् ।

रामधुनीलाई 'बनखण्डी बाबा'को तपोभूमिका रूपमा पनि चिनिन्छ । यहाँ रहेका बाबा बनखण्डीको समाधिस्थल र प्राचीन मन्दिरले धार्मिक महत्वलाई अझ गहिरो बनाएको छ । प्रत्येक वर्ष रामनवमी, श्रीपञ्चमी, शिवरात्रि, हरिबोधिनी एकादशी, माघे सङ्क्रान्ति तथा विशेष मेलाका अवसरमा यहाँ ठूलो धार्मिक मेला लाग्ने गर्दछ । ती अवसरमा लाखौं श्रद्धालु भेला भई पूजा, हवन, भजन–कीर्तन र धार्मिक अनुष्ठानमा सहभागी हुने गर्छन् ।

रामधुनी धार्मिक आस्थाको केन्द्र मात्र नभई प्राकृतिक रूपमा पनि आकर्षक स्थल हो । हरियाली वन क्षेत्र, शान्त वातावरण र व्यवस्थित मन्दिर परिसरका कारण यो स्थान आन्तरिक तथा धार्मिक पर्यटनको महत्वपूर्ण गन्तव्यका रूपमा विकास हुँदै गएको छ । पछिल्ला वर्षहरूमा मन्दिर परिसरमा धर्मशाला, विश्रामस्थल, सडक, खानेपानी, शौचालय तथा अन्य पूर्वाधार निर्माण भएपछि यहाँ आउने भक्तजनलाई थप सहज भएको छ ।

यसैक्रममा हालै मन्दिर परिसरमा १०८ धारा निर्माण सम्पन्न गरिएको छ । हिन्दू धर्ममा १०८ अंकलाई अत्यन्त पवित्र र आध्यात्मिक रूपमा महत्वपूर्ण मानिन्छ । अब श्रद्धालुहरूले ती धारामा स्नान गरी मन्दिर प्रवेश गर्न सक्नेछन् । रामधुनी बाबा बनखण्डी मन्दिर गुठी व्यवस्थापन समितिका अध्यक्ष डिल्ली कार्कीका अनुसार १०८ धारा सञ्चालनमा आएपछि धार्मिक पर्यटन प्रवर्द्धन हुनुका साथै तीर्थयात्रीलाई पवित्र स्नानको सुविधा उपलब्ध हुनेछ । स्थानीय सरकार, गुठी व्यवस्थापन समिति र सरोकारवाला निकायले रामधुनीलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय धार्मिक पर्यटनको केन्द्रका रूपमा विकास गर्ने लक्ष्यसहित पूर्वाधार विस्तार, सौन्दर्यीकरण र संरक्षणका कामलाई निरन्तरता दिएका छन् । धार्मिक आस्था, ऐतिहासिक किंवदन्ती र प्राकृतिक सौन्दर्यको संगम बनेको रामधुनी पूर्वी नेपालको महत्वपूर्ण धार्मिक धरोहरका रूपमा स्थापित हुँदै गएको छ ।

# घातक आँधीपछि चीनमा टाइफुनको खतरा

**एजेन्सी/** एक सातायता आएको भीषण आँधी र बाढीका कारण कम्तीमा ५० जनाको ज्यान गइसकेको चीनमा शक्तिशाली टाइफुन 'बवी' पूर्वी तटतर्फ अघि बढेपछि उच्च सतर्कता अपनाइएको छ । अधिकारीहरूले हजारौँ नागरिकलाई सुरक्षित स्थानमा सारेका छन् भने उद्धार टोलीलाई तयारी अवस्थामा राखिएको छ ।

प्रतिघण्टा १६२ किलोमिटरको अधिकतम निरन्तर गतिमा बहिरहेको टाइफुन 'बवी' शुक्रबार ताइवानको उत्तर भाग हुँदै अघि बढ्ने र त्यसपछि शनिबार राति चीनको फुजियान र झेजियाङ प्रान्तको सीमाक्षेत्र नजिकै स्थलभागमा प्रवेश गर्ने अनुमान गरिएको छ । यसअघि यसले साइपनसहित प्रशान्त क्षेत्रका अमेरिकी भूभागमा सुपर टाइफुनका रूपमा तीव्र हावा र वर्षा गराएको थियो ।

ताइवानमा भारी वर्षाको पूर्वानुमानसँगै राजधानी ताइपेईका विद्यालय बन्द गरिएका छन् । उत्तरी तटमा माछा मार्ने डुङ्गाहरु बन्दरगाहमा बाँधिएका छन् भने जापान, हङकङलगायतका गन्तव्यका धेरै उडान शनिबारसम्म रद्द गरिएका छन् ।

चीनको झेजियाङ प्रान्तमा १७ हजारभन्दा बढी नागरिकलाई सुरक्षित स्थानमा सारिएको छ । करिब एक लाख ७० हजार उद्धारकर्मीलाई सम्भावित विपद्का लागि तयारी अवस्थामा राखिएको सरकारी समाचार संस्था सिन्ह्वाले जनाएको छ ।

***गणेश*......**हो, यो राज्यको चरम असफलताको संकेत हो' भन्ने अभिव्यक्ति सम्झाउँदै अहिले गणेश नेपालीको घटनामा पनि त्यही बुझाइ कायम छ कि छैन भन्ने प्रश्न गरे ।

प्रधानमन्त्री बालेन शाहलाई लक्षित गर्दै पुनले राज्यका नीतिले नागरिकलाई निराश बनाउने अवस्था किन दोहोरिएको भन्दै जवाफ मागे । राज्यले यो घटनाको जिम्मेवारी लिनुपर्ने उनको भनाइ थियो ।

मुगुबाट निर्वाचित नेपाली कांग्रेसका सांसद खड्गबहादुर शाहीले गणेश नेपालीको उपचारका नाममा सरकारले 'स्टन्टबाजी' गरेको आरोप लगाए । उनले आफू र कांग्रेस नेता भीष्मराज आङ्देम्बे बिहीबार राति वीर अस्पताल पुगेको र चिकित्सकहरूले त्यतिबेलै बिरामीको बाँच्ने सम्भावना अत्यन्त न्यून रहेको जानकारी दिएको बताए । तर, सरकारले मृत्यु भइसकेपछि पनि उपचार भइरहेको भन्दै पत्रकार सम्मेलन गर्नु, नयाँ दिल्ली लैजाने तयारीको प्रचार गर्नु र गृहमन्त्री स्वयं अस्पताल पुगेर सक्रियता देखाउनु नाटकबाहेक केही नभएको उनको आरोप थियो ।

नेकपा एमालेकी सांसद भूमिका लिम्बु सुब्बाले गणेश नेपालीको मृत्यु एउटा व्यक्तिको मात्र मृत्यु नभई राज्य प्रणालीमाथिको प्रश्न भएको बताइन् । उनले सरकारले ट्राफिक जरिवानाको वर्तमान नीतिको समीक्षा गर्नुपर्ने भन्दै यस घटनाको निष्पक्ष छानबिन गरी दोषीमाथि कारबाही गर्न माग गरिन् । जनतामाथि लागू गरिएका नीतिहरु कति व्यवहारिक छन् भन्ने विषयमा सरकारले आत्मसमीक्षा गर्नुपर्ने उनको भनाइ थियो ।

श्रम संस्कृति पार्टीकी सांसद राधिका रम्तेलले गणेश नेपालीको मृत्युले सम्पूर्ण नेपाली समाजलाई स्तब्ध बनाएको बताइन् । उनले घटनाको सत्यतथ्य छानबिन गरी मृतकका परिवारलाई राहत उपलब्ध गराउन सरकारसँग आग्रह गरिन् ।

राष्ट्रिय प्रजातन्त्र पार्टीका संसदीय दलका नेता ज्ञानबहादुर शाहीले गणेश नेपालीको मृत्यु राज्यको गलत नीतिको प्रतिफल भएको दाबी गरे । उनले ट्राफिक जरिवाना र कर प्रणालीले सर्वसाधारणलाई अत्यधिक आर्थिक बोझमा पारेको भन्दै ८'काठमाडौं धनीहरूको मात्रै हो ? भन्ने प्रश्न गरे। युरोप र अमेरिकाको जस्तो कर असुल्ने तर त्यहाँजस्तो सुविधा नदिने अवस्थाले गरिब नागरिक काठमाडौंमा बाँच्नै कठिन भएको उनको भनाइ थियो ।

उता राष्ट्रियसभामा सांसद नरबहादुर बिष्टले सरकारलाई 'गरिबमारा' र 'राष्ट्र जलाएर आएको राक्षसी सरकार'को संज्ञा दिंदै कठोर आलोचना गरे । सरकारले नागरिकमाथि अत्यधिक दण्डात्मक नीति लागू गरेर जनता निराश हुने अवस्था सिर्जना गरेको उनले आरोप लगाए ।

गणेश नेपालीको घटनाको निष्पक्ष अनुसन्धान गरी परिवारलाई क्षतिपूर्ति उपलब्ध गराउन उनले माग गरे । साथै, कैलालीको सुख्खड इलाका प्रहरी कार्यालयका डीएसपी प्रशन्नराज चौधरीलाई जिल्ला तानिएको विषयमा पनि उनले आपत्ति जनाए ।

# मदन भण्डारी स्मृति पार्क निर्माण सम्पन्न



**दमक/** चितवनको भरतपुर महानगरपालिका–१९ स्थित ऐतिहासिक दासढुंगामा नेकपा एमालेका तत्कालीन महासचिव मदन भण्डारीको स्मृतिमा निर्माण भइरहेको 'मदन भण्डारी पार्कको मुख्य निर्माण कार्य सम्पन्न भएको छ ।

करिब ४१ लाख रूपैयाँको लागतमा प्रदेश सरकारको बजेटबाट निर्माण गरिएको पार्कले दासढुंगालाई राजनीतिक इतिहाससँगै पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने लक्ष्य लिएको निर्माण समितिले जनाएको छ ।

मदन भण्डारी फाउण्डेसन पार्क निर्माण समितिका अध्यक्ष नारायणकुमार मगरका अनुसार पार्कको मुख्य पूर्वाधार निर्माण करिब साढे दुई महिनामै सम्पन्न भएको हो । केही भुक्तानी प्रक्रिया र कार्यालय भवनको सामान्य काम भने बाँकी रहेको उनले जानकारी दिए ।

पार्कमा पुल, दुईवटा गोलघर, कम्पाउण्ड, पानी ट्यांकी, शौचालय, फूल राख्ने स्थान, कार्यालय भवन तथा नारायणी नदी किनारसम्म पुग्ने सिँढी निर्माण गरिएको छ । साथै, मदन भण्डारी र जीवराज आश्रितको सालिकसहित विभिन्न स्मृति संरचनाहरु पनि स्थापना गरिएका छन् ।

***किसान*....**गरिएको, संस्थाको रकम व्यक्तिगत बैंक खातामा जम्मा गरी दुरूपयोग गरिएको तथा सरकारी अनुदानसमेत दुरूपयोग भएको आरोप उजुरीमा उल्लेख गरिएको छ । किसानहरूले यसलाई योजनाबद्ध र नियोजित आर्थिक अपचलन र किसान ठगी गरेको भनेका छन् ।

पीडित किसानका अनुसार हालसम्म करिब ६० जना किसानको २२ लाख ६५ हजार २०० रूपैयाँ बक्यौता रहेको छ । समग्रमा यस क्षेत्रका करिब २०० घरधुरी किसानको २२ लाख रूपैयाँभन्दा बढी रकम हिनामिना भएको उनीहरूको दाबी छ । किसानहरूले रकम नपाउँदा गाईभैंसीका लागि दाना खरिद गर्न, घरखर्च चलाउन, छोराछोरीको शिक्षा खर्च जुटाउनसमेत समस्या परेको बताएका छन् । कतिपय किसान सहकारी र साहुबाट ऋण लिएर पशुपालन गरिरहेका कारण उनीहरु थप आर्थिक संकटमा परेका छन् ।

किसानले उजुरीमा बुझाएको विवरण अनुसार नरेन्द्र दाहालको २ महिनाको तलव बरावरको रकम, बुद्धिबहादुर विश्वकर्माको ३ लाखबढी, श्रीप्रसाद गुरागाईको २ लाख ३० हजार, रामप्रसाद अधिकारीको ९५ हजार, इन्दिरा घिमिरेको ७० हजार, रणबहादुर मगरको ७० हजार, देवीबहादुर भण्डारीको ६५ हजार, देवीप्रसाद भण्डारी, डिल्ली श्रेष्ठ, कोपिला श्रेष्ठ, कृष्णप्रसाद गुरागाई विरेन्द्र पोखरेलको ६०/६० हजार, डोलेश्वर खनालको ५३ हजार भुक्तानी लिन बाँकी रहेको पिडित खड्गाले जानकारी दिए ।

यस्तै ५० हजार लिन बाँकी रहेका किसानहरूमा शन्तवीर तामाङ, नरप्रसाद पराजुली, होमनाथ प्रसाई, तुलसी पौड्याल, नरबहादुर श्रेष्ठ रहेका छन् । यसैगरी देवीप्रसाद रेग्मीको ४० हजार, राधिका अधिकारीको ३६ हजार, गोमा घिमिरे, संझना ढकाल, धनमाया दाहालको ३५/३५ हजार बाँकी रहेको उनले बताए । अन्य धेरै ऋणिहरू ३२ हजार मुनिका रहेको प्राप्त सूचिमा उल्लेख छ ।

पिडित देवीमाया गुरागाईले करिव एकलाख सत्तरीहजार बढी पाउन भएको बताएकी छन् । उनले भनिन्– मेरो छोरा र श्रीमानको छ महिनाको फरकमा देहवास हुँदासमेत मैले पाउने पैसा दिएनन् । पटक पटक मागेँ, पैसा त परै राखौं मरिमराउ हुदा सबैकामा समवेदना लाने संस्थाको चलन थियो, तर मेरोमा त्यो समेत ल्याएनन् ।'

संस्थाको कार्यालय भवन दोस्रो थप गर्ने भनि बचतकर्ताबाटै उठाएको दशलाख बढी हिनामिना गरिएको गुनासो पनि किसानले गरेका छन् । नेपाल सरकारबाट किसानलाई दुइकिस्तामा आएको राहत वापतको रकम २५ लाख ल्याएको भएपनि अहिलेसम्म किसानले नपाएको किसानको गुनासो छ ।

वर्तमान अध्यक्ष दाहालसँग मोबाइलमा सम्पर्क गर्दा किसानहरूको तिर्न बाँकी र कम स्वीकार गर्दै अघिल्लो कार्यकालबाटै परिस्थिति बिग्रँदै आएको र सम्हाल्न खोज्दा खोज्दै समय गुजिएको बताउँदै किसानको रकम संस्थाको जायजेथा बेचेर पनि भुक्तानी गर्न प्रयास भईरहेको बताए ।

***संविधान*....**कार्यदलको सुरूदेखिकै कामकारबाही सन्देहास्पद रहेको, संविधान संशोधनका विषय स्पष्ट रूपमा किटान नगरिएको, वर्तमान संविधानका आधारभूत संरचनाप्रति सरकारको दृष्टिकोण स्पष्ट नभएको तथा छलफलमा ल्याइएका केही विषय संघीय लोकतान्त्रिक गणतन्त्रको मर्मविपरीत देखिएको एमालेको निष्कर्ष छ ।

# १६ जनाको लेक लागेर मृत्यु

**दमक/** गत आव २०८१/०८२ मा लेक लागेर नौ जनाको मृत्यु भएको थियो । त्यस आर्थिक वर्षमा पाँच भारतीय, तीन नेपाली र एक जना अमेरिक नागरिकले लेक लागेर ज्यान गुमाएका हुन् । मुस्ताङ पुगेका पर्यटक तथा तीर्थयात्रीले स्वास्थ्य सुरक्षामा आवश्यक सावधानी नअपनाउँदा मानवीय क्षति हुन पुगको हो ।

हिमाली जिल्ला मुस्ताङमा चालु आर्थिक वर्ष २०८२/०८३ को एक वर्षमा लेक लागेर दश भारतीय नागरिकसहित १६ जनाको मृत्यु भएको छ ।

प्रदेश अस्पताल जोमसोमका अनुसार चालु वर्षको साउनदेखि हालसम्म मुस्ताङ भ्रमणमा आएकामध्ये दश भारतीय, पाँच नेपाली र एक जना मेक्सिकोका नागरिकको पर्वतीय 'हाईअल्टिच्युड'का कारण लेंक लागेर निधन भएको हो ।

गत भदौ र असोजमा एक–एक, कात्तिकमा तीन, मङ्सिरमा दुई, चैतमा दुई, वैशाखमा चार र जेठ महिनामा तीन जनाको लेक लागेर ज्यान गएको मेडिकल सुपरिटेन्डेन्ट डा समीक्षा कँडेलले जानकारी दिए । हाईअल्टिच्युडका कारण लेक लागेर मृत्यु हुनेमा ५० वर्षदेखि ८४ वर्ष उमेर समूह पर्यटक तथा तीर्थयात्री रहेको उनले जानकारी दिए ।

देश तथा विदेशका समथर ठाउँबाट हिमाली जिल्लामा यात्रा गर्ने पर्यटक तथा दर्शनार्थीलाई हाईअल्टिच्युडका कारण अक्सिजनको लेवल कम भई लेक लाग्ने समस्या देखिन गरेको डा. कँडेलले बताए ।

मुस्ताङ आउने पर्यटकमध्ये शारीरिक रूपले अशक्त, ज्येष्ठ नागरिक र दीर्घरोगका नियमित औषधि सेवन गर्ने पर्यटकलाई हाईअल्टिच्युडको जोखिम उच्च रहने गरेको छ ।

हाईअल्टिच्युडको जोखिम न्यूनीकरणका लागि मुस्ताङमा एक्याप, प्रदेश स्वास्थ्य कार्यालय, अस्पताल, स्थानीय निकाय, मुक्तिनाथ विकास समिति र सुरक्षा निकायले पर्यटक सचेतनामूलक होर्डिङ बोर्ड, पर्चा पम्प्लेट वितरण लगायतका कार्य गर्दै आइरहेका छन् ।

***कोशीमा*.....**(प्रलेनिका) ले भने प्रदेश सरकारको कूल खर्च ६९ प्रतिशत हाराहारी रहेको अनुमान गरेको छ । तर, औपचारिक विवरण भने उक्त कार्यालयले सार्वजनिक गरेको छैन ।

संघतर्फ फिर्ता हुने रकमलाई कटाएर हेर्दा प्रदेश सरकारको समग्र अनुमानित खर्च ६९ प्रतिशतको हाराहारीमा रहेको कोष तथा लेखा नियन्त्रक कार्यालयले जनाएको छ । मन्त्रालयले सार्वजनिक गरेको यो विवरण प्रारम्भिक भएकाले अन्तिम लेखा परीक्षण र समायोजनपछि केही प्रतिशत हेरफेर हुन सक्ने मन्त्रालयका अधिकारीहरूले बताएका छन् ।

भौतिक पूर्वाधार मन्त्रालय मातहत रहेका विभिन्न जिल्लाका पूर्वाधार विकास कार्यालयहरूमध्ये मोरङ र खोटाङले उत्कृष्ट प्रदर्शन गरेका छन् । पूर्वाधार विकास कार्यालय, मोरङले सबैभन्दा बढी ८७.५३ प्रतिशत बजेट खर्च गरेको छ । मोरङमा सडक, पुल र अन्य भौतिक संरचना निर्माणका कामहरु द्रुत गतिमा अघि बढेकाले खर्च प्रतिशत उच्च देखिएको हो ।

यस्तै पूर्वाधार विकास कार्यालय, खोटाङले पहाडी जिल्ला भएपनि ८७.३७ प्रतिशत खर्च गर्दै दोस्रो स्थान हासिल गरेको छ । कठिन भूगोलका बाबजुद भएको यो प्रगतिलाई मन्त्रालयले सकारात्मक रूपमा लिएको छ ।

पूर्वाधार विकास कार्यालय, संखुवासभा र उदयपुरका दुई कार्यालयले भने क्रमशः ८५.३९ प्रतिशत र ८४.८८ प्रतिशत खर्च गरेका छन् । यी जिल्लाहरूमा विशेष गरी ग्रामीण सडक सञ्जाल विस्तारका आयोजनाहरु बढी सफल भएका छन् । पूर्वाधार विकास कार्यालय, भोजपुरले ८२.१४ प्रतिशत, धनकुटाले ८०.९५ प्रतिशत, ताप्लेजुङ ७०.७७ प्रतिशत र सोलुखुम्बुले ६९.९२ प्रतिशत खर्च गरेका छन् ।

***कलाकार*......**गरेको हत्या भनेकी छन् । उनको भनाइ छ, 'गणेश नेपाली कुनै समाचारको शीर्षक मात्र होइनन् । उनी एक मानव थिए, एक मेहनती श्रमिक थिए, सपना बोकेका नागरिक थिए, निर्दयी र संवेदनाहीन प्रशासनिक व्यवस्थाको बोझले थिचिएका । यो कुनै सामान्य दुर्घटना थिएन । यो राज्यको गम्भीर लापरवाहीको परिणाम हो । यो हत्या हो ।'

नायिका केकी अधिकारीले राज्य जहिल्यै नागरिकको समस्या समधानमा केन्द्रित नरहेको आशय राखिन् । उनले सांकेतिक रुपमा राज्यलाई घोचेकी छन्, 'जलेको मनलाई धेरै समय सम्हाले, हिजो त तन न जलेको हो सरकार ! गणेश ।' यो घटना कलाकार दीपकराज गिरीको बुझाइमा बलियो जनमतमा बनेको सरकार कमजोर बनाउन काफी विषय हो । उनले भनेका छन्, 'अपार जनसमर्थन रहेको सरकारको पहिलो विकेट पतन भएको छ ।'


## उर्लाबारी नगरपालिकाको सँधियाँरको नाममा ७ दिने सूचना

उर्लाबारी नगरपालिका वडा नं. ०७बस्ने देबीमाया कार्कीको नाममा दर्ता कायम रहेको मधुमल्ला५/छ को कि.नं. ४२९६ ज.वि. ०-०-१०-०मा नयाँ घर निर्माणका लागि यस नगरपालिकामा निवेदन दर्ता भएको र सो निवेदन अनुसार सँधियारको नाममा १५ दिने सुचना जारि गरि१६ दिनपछि यस कार्यालयबाट सर्जमिन मुचुल्का तयार पार्दा पूर्वतर्फ सँधियार फौद राज कार्की पश्चिमतर्फ सँधियार किशोर राई उपस्थित नहुनु भएको हुँदा उहाँहरुलाई उक्त स्थानमा घर निर्माण गर्दा कुनै विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्रमा यस कार्यालयमा उपस्थित हुन यो सूचनामार्फत जानकारी गराइन्छ। अन्यथा निजको नाममा नियमअनुसार सिफारिस भइ जाने व्यहोरा जानकारी गराइन्छ।

## बीमा पोलिसी हरायो

मेरो निम्न अनुसारको बीमा पोलिसी यही मिती २०८३/जेष्ठ २०/ गते का दिन दमक गौरादह जाने आउने क्रम मा हराये को हुँदा पाउनु हुने महानुभाव ले नजिक को प्रहरी वा निम्न ठेगाना मा बुझाई दिनु हुन अनुरोध गर्दछु

नाम : **किशोर कुमार पोड़ैल**
ठेगाना: गौरादह-१ डिपु चोक
बिमा कम्पनि: **प्राइम लाइफ इंसोरेंस कंपनी लिमिटेड**
बीमा पोलिसी नम्बर (PLI) १०१०००७१९२.
सम्पर्क नम्बर : ९८४२६२००७७

## मालपोत, एकीकृत सम्पत्तीकर, व्यवसाय कर र बहालकर बुझाउने बारे दमक नगरपालिकाको सूचना

**यस नगरपालिका लाई चालू आ.ब. २०८२।०८३ को असार मसान्त भित्र बुझाउनु पर्ने मालपोत, एकीकृत सम्पत्तीकर, व्यवसाय कर र बहालकर लगायतका करहरु समयमा नै सम्बन्धित वडा कार्यालय तथा यस कार्यालयमा बुझाई जरिवाना तिर्न बाट जोगिनु हुन सम्बन्धित सवै करदाता महानुभावहरुमा दमक नगर पालिका हार्दिक अनुरोध गर्दछ ।**

दमक नगरपालिका
राजस्व प्रशासन शाखा


प्रधान सम्पादक/प्रकाशक: गञ्जबहादुर दाहाल, कार्यालय: दमक-५, झापा, फोन: ०२३-५७०२७२. प्रबन्धक: सुवासचन्द्र भट्टराई, मुद्रण: ज्योति अफसेट प्रेस, कार्यकारी सम्पादक: खगेन्द्र कार्की E-mail:purbasandesh@yahoo.com ले-आउट: सुरेन बस्नेत सल्लाहकार : पंकज दाहाल